नेपाल सरकार
राष्ट्रिय पुनर्निर्माण प्राधिकरण
केन्द्रीय आयोजना कार्यान्वयन ईकाई (भवन)
जिल्ला आयोजना कार्यान्वयन इकाई (भवन)
चाकुपाट, ललितपुर

फोन: ०१-५२६११५३
०१-५२६११५४
०१-५२६०३२४

मिति: २०७५/१२/०५

पत्र संख्या:- ०७५/७६
चलानी नम्बर:- ४५२
प्राप्त पत्र संख्या र मिति:-

श्री ललितपुर महानगरपालिका
श्री गोदावरी नगरपालिका
श्री महालक्ष्मी नगरपालिका
श्री बागमती गाउँपालिका
श्री महांकाल गाउँपालिका
श्री कोन्ज्योसोम गाउँपालिका

विषय: प्राविधिक परिचालन सम्बन्धमा ।

प्रस्तुत विषयमा राष्ट्रिय पुनर्निर्माण प्राधिकरणको च.नं. ११९, मिति २०७५/१२/०३ को पत्र तथा केन्द्रिय आयोजना कार्यान्वयन ईकाई (भवन), बबरमहल, काठमाण्डौको च.नं. १३९६ मिति २०७५/१२/०४ को पत्रहरु थान २ यसैसाथ संलग्न राखि आवश्यक कार्यार्थ पठाईएको व्यहोरा अनुरोध छ ।

(ई. चन्द्र काजी गुरुङ)
आयोजना प्रमुख
ई. चन्द्र काजी गुरुङ
आयोजना प्रमुख

बोधार्थ:

श्री सम्पूर्ण प्राविधिकहरु,
जिल्ला आयोजना कार्यान्वयन ईकाई (भवन),
ललितपुर

नेपाल सरकार
# राष्ट्रिय पुनर्निर्माण प्राधिकरण

सिंहदरबार, काठमाडौं

मिति:२०७५/१२/३

पत्र संख्या: ०७५/७६

च.नं.: ११५

केन्द्रीय आयोजना कार्यान्वयन इकाई (भवन)
बबरमहल, काठमाडौं ।

विषय : प्राविधिक परिचालन सम्बन्धमा ।

उपरोक्त विषयमा राष्ट्रिय पुनर्निर्माण प्राधिकरण अन्तर्गत भूकम्प प्रभावित विभिन्न जिल्लामा पुनर्निर्माणमा खटिएका प्राविधिकहरुको सेवा सुविधा सम्बन्धमा माग भइ आएकोमा प्राविधिकहरुको मागहरु सम्बोधन गर्नका लागि सम्बन्धित निकायहरुमा यस प्राधिकरणबाट निर्णय सहितको प्रस्ताव पेश भइसकेको र सो विषय निर्णय प्रक्रियामा रहेको हुँदा सोही कारणले पुनर्निर्माणको काममा अलमल नहुने गरी त्यस इकाई अन्तर्गत कार्यरत सम्पूर्ण प्राविधिकहरुलाई जिल्ला आयोजना कार्यान्वयन इकाई मार्फत जानकारी दिने र आ-आफ्नो कार्यक्षेत्रमा रही परिचालन गर्ने गराउने व्यवस्था मिलाउन हुन जानकारी गराइन्छ ।

शिवहरि शर्मा २०७५/१२/
निमित्त सचिव

नेपाल सरकार
राष्ट्रिय पुनर्निर्माण प्राधिकरण
केन्द्रीय आयोजना कार्यान्वयन इकाई (भवन)
बबरमहल, काठमाण्डौं

फोन नं: ४२५९३९३
४२६९६१४
४२२१४३७
४२५१६९५

पत्र संख्या: २०७५/०७६
चलानी नं: १३९६

मिति: २०७५/१२/०४

विषय: प्राविधिक परिचालन सम्बन्धमा ।

श्री जिल्ला आयोजना कार्यान्वयन इकाई (भवन),
काठमाण्डौं, भक्तपुर, ललितपुर, धादिङ,
नुवाकोट, काभ्रेपलाञ्चोक, गोरखा, ओखलढुङ्गा,
रसुवा, सिन्धुली, सिन्धुपाल्चोक, रामेछाप, दोलखा,
मकवानपुर, लमजुङ, कास्की, बागलुङ, पाल्पा, चितवन, धनकुटा ।

प्रस्तुत विषयका सम्बन्धमा राष्ट्रिय पुनर्निर्माण प्राधिकरण अन्तर्गत भूकम्प प्रभावित जिल्लामा पुनर्निर्माणमा खटिएका प्राविधिकहरुको सेवा सुविधा सम्बन्धमा माग भएका विषयमा प्राविधिकहरुको मागहरु सम्बोधन गर्नका लागि सम्बन्धित निकायहरुमा राष्ट्रिय पुनर्निर्माण प्राधिकरणबाट निर्णय सहितको प्रस्ताव पेश भइसकेको र सो विषय निर्णय प्रकृयामा रहेको हुँदा सोही कारणले पुनर्निर्माणको कार्यमा अलमल नहुने गरी सम्पूर्ण प्राविधिकहरुलाई जानकारी दिनुहुन र सम्बन्धित कार्यक्षेत्रमा परिचालन गर्नु/गराउनुहुन राष्ट्रिय पुनर्निर्माण प्राधिकरणको च.नं.११९ मिति २०७५/१२/०३ को पत्रको प्रतिलिपी यसै साथ संलग्न राखि पठाइएको व्यहोरा अनुरोध छ ।

साथै पुनर्निर्माणको कार्यमा खटिएका प्राविधिकहरुको लागि ५०% सम्मको अतिरिक्त समय काम गरे वापतको भत्ता सम्बन्धमा निर्णय भएसकेको र साबिकमा झैं भत्ताको व्यवस्थाको लागि राष्ट्रिय पुनर्निर्माण प्राधिकरणबाट प्राथमिकताका साथ प्रस्ताव पेश भइसकेको र उक्त प्रस्ताव निर्णयको चरणमा रहेको हुँदा सम्पूर्ण प्राविधिक कर्मचारीहरुलाई भूकम्प पिडितहरुको आवास निर्माणमा पहिले झैं खट्न निर्देशन गर्नुहुन तथा सम्बन्धित स्थानिय तहमा कार्यरत कर्मचारीहरुको विवरण प्राप्त गरि सम्बन्धित कार्यस्थलमा खटे/नखटेको बारे विवरण प्राप्त गर्नुहुन र कर्मचारीहरुको मागका सम्बन्धमा राष्ट्रिय पुनर्निर्माण प्राधिकरणले गरेका कियाकलाप एवं प्रयास सम्बन्धी जानकारी स्थानिय तहलाई समेत गराउनुहुन अनुरोध छ ।

२०७५/१२/५

नवराज प्याकुरेल
आयोजना निर्देशक

८३७
१२/०५

**बोधार्थ:**

श्री राष्ट्रिय पुनर्निर्माण प्राधिकरण, सिंहदरबार, काठमाण्डौं ।